Accountability Watch Committee (AWC)
जवाफदहिता निगरानी समिति

# भोटेकोशी बाढी र त्यसले निम्त्याएको महाविनाशको प्रतिकार्य तथा विपद् व्यवस्थापनसम्बन्धी जवाफदेहिता निगरानी समितिको १६ बुँदे सुझाव

**(१६ भाद्र २०८३)**

अचानक आएको विनाशकारी विपद्का पीडितको तत्काल खोज, उद्धार तथा राहतमा नेपाल सरकार र मातहतका निकायले देखाएको तदारुकता र प्रयासलाई जवाफदेहिता निगरानी समिति स्वागत गर्दछ। विशेषगरी नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका उद्धारकर्मीले रातदिन गरेको अथक प्रयासप्रति समिति आभार व्यक्त गर्दछ।

तथापि, जलविद्युत् आयोजनाका सुरुङमा सयौँ मानिस फसेको जानकारी प्राप्त भएपछि सुरुङभित्र प्रवेश गरी उद्धार गर्न सक्ने राष्ट्रिय क्षमता तत्काल आकलन गरी आवश्यकताअनुसार चीन र भारतलगायत मित्रराष्ट्रबाट विशेषज्ञ उद्धारकर्मी तथा आवश्यक उपकरण झिकाई परिचालन गर्न चुकेको अवस्था चिन्ताजनक छ।

यस क्रममा के–कस्तो अलमल वा विलम्ब भयो, त्यसको उचित कारण थियो वा थिएन तथा कुनै निकाय वा पदाधिकारीबाट हेलचक्र्याइँ वा लापरवाही भयो वा भएन भन्ने विषयमा वस्तुगत समीक्षा आवश्यक छ। समीक्षाको निष्कर्ष प्रभावित नागरिक तथा आमजनतालाई जानकारी गराई राज्यको प्रतिकार्यप्रति उनीहरूलाई आश्वस्त पार्नुपर्छ।

त्यसैगरी, पूर्वचेतावनी प्रणाली प्रभावकारी नभएको, बाढीको चेतावनी दिइए पनि त्यसको गम्भीरता र सम्भावित प्रभावबारे पर्याप्त जानकारी नदिइएको, संघ, प्रदेश र स्थानीय तहबीच अपेक्षित समन्वय हुन नसकेको, राहत सामग्री उपलब्ध भए पनि समयमै वितरण हुन नसकेको तथा अवरुद्ध सञ्चार, यातायात र अन्य अत्यावश्यक सेवा शीघ्र पुनर्स्थापित गर्ने तर्फ पर्याप्त प्रयास हुन नसकेको गुनासा सार्वजनिक भएका छन्। उद्धार, राहत र समग्र विपद् व्यवस्थापनसम्बन्धी एकीकृत तथा अद्यावधिक सूचना नियमित रूपमा प्रवाह हुन नसकी तदर्थवाद हावी भएको गुनासो पनि वाहिर आएको छ ।

विपद्को समयमा मन्त्री, सांसद तथा अन्य सार्वजनिक पदाधिकारीको प्राथमिकता उद्धार, राहत र पीडितको आवश्यकता सम्बोधन गर्ने प्रयासहरुको समन्वय, सहजिकरण र नेतृत्व दिने कुरामा हुनु पर्नेमा त्यसो हुन नसकेको गुनासो पनि व्याप्त देखिन्छ । । अनावश्यक प्रचार वा श्रेयको प्रतिस्पर्धा स्वीकार्य हुन सक्दैन। गर्भवती तथा सुत्केरी महिला, शिशु, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दीर्घरोगी तथा विशेष संरक्षण आवश्यक पर्ने अन्य व्यक्तिको आवश्यकता र हेरचाहमा विशेष ध्यान दिन नसक्नु पनि चिन्ताजनक छ । मृत शरीरको व्यवस्थापनबारे पनि प्रश्न उठेका छन्। विशेषगरी सामूहिक रूपमा जमिनमा गाड्ने निर्णयको आधार र औचित्यबारे सरकारले आश्वस्त पार्न सकेको देखिएको छैन । । मृतकको मर्यादा, परिवारको सांस्कृतिक तथा

धार्मिक अधिकार र प्रचलित कानुनी तथा मानवीय मापदण्ड सुनिश्चित हुने गरी मृत शरीरको पहिचान, संरक्षण र अन्तिम व्यवस्थापन गर्नुपर्छ।

उल्लिखित विषयमा तत्काल वस्तुगत समीक्षा गरी आवश्यक सुधार गर्न जरुरी छ। साथै ,यस महाविनाशको को तत्कालीन तथा दीर्घकालीन असर सम्बोधन, भविष्यमा विपद्को जोखिम न्यूनीकरण, प्रभावित नागरिकको अधिकारको संरक्षण, प्रभावकारी पूर्वतयारी तथा पुनर्स्थापना र पुनर्निर्माणका लागि नेपाल सरकारले च्यारिटीका रूपमा होइन, जलवायु परिवर्तनको असर भोगिरहेको मुलुकका रूपमा नेपालको अधिकार र न्यायोचित आवश्यकताका आधारमा अन्तर्राष्ट्रिय सहयोग र जलवायु वित्त परिचालन गर्नुपर्छ। यस सन्दर्भमा जवाफदेहिता निगरानी समिति नेपाल सरकारसमक्ष निम्न ठोस सुझाव प्रस्तुत गर्दछः

**१. सुरुङ उद्धार क्षमता बढाई तत्काल परिचालन गर्नेः** चीन, भारतलगायत मित्रराष्ट्रबाट प्राप्त विशेषज्ञ जनशक्ति, उपकरण र प्राविधिक सहयोग आवश्यकताअनुसार परिचालन गरी सुरुङ उद्धार क्षमता सुदृढ गरी चित्तबुझ्दो तरिकाले खोज तथा उद्धार कार्य सम्पन्न गर्नुपर्छ।

**२. सुरुङ उद्धारमा भएको ढिलाइको निष्पक्ष लेखाजोखा गर्नेः**उद्धार क्षमता, स्रोतसाधन, निर्णय प्रक्रिया, अन्तरनिकाय समन्वय र बाह्य सहयोग परिचालनमा भएको ढिलाइको वस्तुगत समीक्षा गर्नुपर्छ। लापरवाही वा जिम्मेवारी निर्वाहमा कमजोरी भएको भए त्यसलाई स्पष्ट गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्छ। सम्बन्धित जिम्मवार निकाय तथा पदाधिकारीले जवाफदेहीता वहन गर्नु पर्छ ।

**३. तीन तहका सरकारबीच प्रभावकारी समन्वय सुनिश्चित गर्नेः**विपद् व्यवस्थापनसम्बन्धी कानुनी जिम्मेवारीअनुसार संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट भूमिका, प्रभावकारी समन्वय र सहकार्य सुनिश्चित गर्नुपर्छ।

**४. राहत वास्तविक पीडितसम्म समयमै पुर्‍याउनेः**राहत सामग्री भण्डारणमै थन्किने वा नष्ट हुने अवस्था दोहोरिनु हुँदैन। राहत वास्तविक पीडितसम्म तत्काल पुर्‍याई वितरणलाई पारदर्शी, आवश्यकता–आधारित, गैरभेदभावपूर्ण र समावेशी बनाउनुपर्छ। राहत सामग्रीको न्यूनतम गुणस्तरसमेत सुनिश्चित गर्नुपर्छ। निश्चित अनुगमन प्रणाली तथा मापदण्ड बनाएर राहत वितरण प्रयोजनका लागि एकद्धार प्रणाली सम्बन्धि विद्यमान थितिलाई परिमार्जन गरिनु पर्दछ ।

**५. यातायात, सञ्चार लगायत अत्यावश्यक सेवा शीघ्र पुनर्स्थापित गर्नेः** सडक, पुल, विद्युत्, दूरसञ्चार, इन्टरनेट तथा अन्य अत्यावश्यक सेवा यथाशीघ्र पुनर्स्थापित गर्नुपर्छ। उद्धारसँगै प्रभावित नागरिकको दैनिक जीवन र जीविकोपार्जन सहज बनाउनेतर्फ पर्याप्त ध्यान दिनुपर्छ।

**६. एकीकृत र अद्यावधिक सूचना नियमित रूपमा सार्वजनिक गर्नेः**उद्धार, मृत्यु तथा बेपत्ता, घाइते अवस्था, राहत, स्वास्थ्य सेवा, सुरक्षित स्थान तथा यातायात र सञ्चार अवस्था, र वाढिको थप जोखिम बारे सरकारले

नियमित, विश्वसनीय र एकीकृत सूचना सार्वजनिक गर्नुपर्छ। खण्डित, तदर्थ वा विरोधाभासपूर्ण सूचना प्रवाह अन्त्य गर्नुपर्छ। मिथ्या तथा भ्रामक सूचना प्रवाहलाई निरुत्साहित गर्नुपर्छ।

**७. सार्वजनिक पदाधिकारीलाई पदीय जिम्मेवारीमा केन्द्रित बनाउने**ः मन्त्री, सांसद तथा अन्य सार्वजनिक पदाधिकारीले अनावश्यक प्रचार वा श्रेयको प्रतिस्पर्धा नगरी उद्धार, राहत र समन्वयमा आफ्नो पदीय जिम्मेवारी पूरा गर्नुपर्छ। विपद् प्रतिकार्यलाई राजनीतिक प्रचारको माध्यम बनाउनु हुँदैन।

**८. विशेष संरक्षण आवश्यक पर्ने व्यक्तिलाई प्राथमिकता दिने**ः गर्भवती तथा सुत्केरी महिला, शिशु, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, वालवालिका, घाइते अवस्थाका व्यक्तिहरु, दीर्घरोगी तथा अन्य जोखिममा रहेका व्यक्तिको पहिचान गरी उद्धार, स्वास्थ्य सेवा, औषधि, पोषण र सुरक्षित स्थानान्तरणमा प्राथमिकता दिनुपर्छ।

**९. मृत शरीरको पहिचान, संरक्षण र अन्तिम व्यवस्थापन मर्यादापूर्वक गर्ने**ः प्रत्येक मृत शरीरको सम्भव भएसम्म वैज्ञानिक विधिबाट पहिचान गरी परिवारलाई समयमै जानकारी दिनुपर्छ। मृतकको मर्यादा, परिवारको सांस्कृतिक तथा धार्मिक अधिकार र प्रचलित कानुनी तथा स्वीकार्य मापदण्डअनुसार अन्तिम व्यवस्थापन गर्नुपर्छ। सामूहिक रूपमा जमिनमा गाडेर व्यवस्थापन गरिएको भए त्यसको आधार र औचित्यबारे परिवार तथा आमसमुदायलाई स्पष्ट जानकारी दिनुपर्छ।

**१०. विपद् प्रतिकार्यको समग्र समीक्षा गर्ने**ः उद्धार, राहत, सूचना प्रवाह, अन्तरसरकारी समन्वय र स्रोत परिचालनको समग्र पक्षको समयसमयमा समीक्षा गरी पूर्वतयारी, उद्धार प्रोटोकल र संस्थागत क्षमतामा आवश्यक सुधार गर्नुपर्छ।

**११. पूर्वसूचना प्रणालीको परिमार्जन र विस्तार गर्ने**ः हिमनदी क्षय, हिमताल विस्फोट तथा अन्य कारणबाट उत्पन्न बाढीको जोखिमबारे प्रभावकारी पूर्वचेतावनी प्रणाली विकास र विस्तार गर्नुपर्छ। पूर्वचेतावनी सँगै जोखिमको गम्भीरता र सम्भावित प्रभावबारे स्पष्ट जानकारी दिने व्यवस्था गर्नुपर्छ।

**१२. जलवायु उत्थानशील भूउपयोग तथा आवास नीति लागू गर्ने**ः वैज्ञानिक अध्ययन, जोखिम मूल्याङ्कन र जोखिम नक्साङ्कनका आधारमा जलवायु उत्थानशील भूउपयोग तथा आवाससम्बन्धी नीति र कानुन निर्माण/परिमार्जानगरी प्रभावकारी रूपमा लागू गर्नुपर्छ। जोखिममुक्त क्षेत्रमा सुरक्षित आवास सुनिश्चित गर्नुपर्छ।

**१३. विस्थापितका लागि तत्काल वैकल्पिक आवासको प्रबन्ध गर्ने**ः विस्थापित नागरिकको सुरक्षित आवास, जीविकोपार्जन, शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षाका लागि न्यूनतम राष्ट्रिय मापदण्ड निर्धारण गरी तत्काल वैकल्पिक आवासको व्यवस्था गर्नुपर्छ।

**१४. विपद्को अन्तर्निहित कारणको स्वतन्त्र तथा वैज्ञानिक अध्ययन गर्ने**ः विपद्को भौगोलिक, जलवायुगत तथा वातावरणीय कारणको स्वतन्त्र र वैज्ञानिक अध्ययन गर्नुपर्छ। प्राप्त प्रमाणको संकलन तथा अभिलेखीकरण गरी

हिमताल तथा हिमनदीजन्य जोखिममा जलवायु परिवर्तनको योगदान कुन हदसम्म थियो भन्ने कुरा यकिन गरिनुपर्छ।

**१५. जलवायु न्यायलाई विपद् व्यवस्थापनसँग जोड्नेः**जलवायु परिवर्तनले विपद्को जोखिम वा तीव्रता बढाएको तथ्यप्रमाणलाई नेपालको जलवायु न्यायसम्बन्धी अन्तर्राष्ट्रिय पैरवीको आधार बनाउनुपर्छ। जलवायु परिवर्तनमा न्यून योगदान गरेका तर बढी प्रभावित जनताको संरक्षण, पुनर्स्थापना र अनुकूलनका लागि अन्तर्राष्ट्रिय दायित्व र सहयोगको विषय सशक्त रूपमा उठाउनुपर्छ।

**१६. स्थायी अन्तरदेशीय संयन्त्र निर्माण गर्नेः**हिमनदी तथा हिमतालजन्य सीमापारि (Trans-boundary) विपद्को निरन्तर अनुगमन, पूर्वचेतावनी, पूर्वतयारी, सूचना आदान–प्रदान र सामूहिक प्रतिकार्य सुनिश्चित गर्न नेपाल–चीन तथा आवश्यकताअनुसार नेपाल–चीन–भारतबीच स्थायी अन्तरदेशीय संयन्त्र स्थापना गरी प्रभावकारी रूपमा सञ्चालनमा ल्याउनुपर्छ।

**जवाफदेहिता निगरानी समितिको तर्फबाट:**

*राजुप्रसाद चापागाई (संयोजक), राजन कुईंकेल (सहसंयोजक), रुकमनी महर्जन (सहसंयोजक), सदस्यहरू: चरण प्रसाई, डा. गौरीशंकरलाल दास, डा. मन्दिरा शर्मा, दिनेश त्रिपाठी, सुमन अधिकारी, देवी सुनुवार, सावित्री श्रेष्ठ, बाबुराम गिरी, डा. विरेन्द्र थपलिया, जनकबहादुर राउत, इन्द्रप्रसाद अर्याल, विकास बस्नेत, अनिता थपलिया, भक्त विश्वकर्मा, बद्रीप्रसाद भुसाल, निराजन थपलिया, काशीराम ढुंगाना, लक्ष्मी पोखरेल, पुष्पराज पौडेल, सन्तोषबाबु सिग्देल, कमला पन्थी, रेश्मा थापा, डा. मुकुन्द कट्टेल, डा. देवेन्द्र प्रसाद अधिकारी, अनुपा अर्याल, ओजस्वी के.सी , डा. विद्या चापागाईं र सलिना काफ्ले ।*